## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### प्रेस विज्ञप्ति

मिति २०७८ भाद्र ०१ गते मंगलबार राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.बिश्वनाथ पौडेलको अध्यक्षतामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आ.व.२०७७/०७८ को बार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री एकनारायण अर्याल, राष्ट्रिय योजना आयोगका सचिब श्री केवलप्रसाद भण्डारी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री आनन्दराज ढकाल, मन्त्रालयका सह-सचिवहरु तथा विभागका महानिर्देशकहरु, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरु, कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानहरुका कार्यकारी निर्देशकहरु साथै अन्य कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.बिश्वनाथ पौडेलज्यूले आ.ब.०७७/७८ को समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेता पनि थप उत्साहप्रद बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो। त्यसैगरी उहाँले कर्मचारीहरुले बदलिँदो परिस्थिति अनुकूल आफ्नो दक्षता अभिवृद्धि गरी उच्च मनोबलका साथ संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रहेर आर्थिक अनुशासन कायम राख्दै नतिजामुखी काम गर्नुपर्नेमा जोड दिनुभयो। यस्तै विकास साझेदारहरुले स्रोत परिचालन गर्दा सरकारसँग भएको सम्झौता पालना गर्नुपर्ने र नेपाल सरकारको नेतृत्व र अपनत्वमा बैदेशिक स्रोत परिचालन गरिनुपर्ने कुरामा जोड दिनुभयो | यसैगरी उहाँले आ.ब.०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रममा शत प्रतिशत प्रगति हासील गर्ने गरी कार्यान्वयनमा ध्यान दिन मन्त्रालय मातहतका सबै निकायहरुलाई निर्देशन दिनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिब श्री केवलप्रसाद भण्डारीज्यूले मन्त्रालयको कार्यक्रम कार्यान्वयन प्रगति सन्तोषजनक रहेता पनि वित्तीय र भौतिक प्रगतिवीच सन्तुलन कायम गर्दै शत प्रतिशत प्रगति हासिल गर्नेगरी कार्यक्रमहरु कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले मन्त्रालयको लागि विनियोजित बजेट र खर्च प्रतिशतलाई औंल्याउदै खर्च गर्ने क्षमता बढाउनु पर्ने र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बिनियोजन दक्षता ( Allocation Efficiency) मा जोड दिनुपर्ने बताउनुभयो। साथै उहाँले सङ्घीयता कार्यान्वयन तथा सहजीकरण, केन्द्रिय कर्मचारी निकाय (CPA) तथा विकास प्रशासनको ब्यबस्थापन सम्बन्धी बहुआयामिक क्रियाकलाप सञ्चालन गर्ने यस मन्त्रालयले बढ्दो जनअपेक्षा सम्बोधन गर्न चुनौतिपूर्ण रहेकोसमेत बताउनु भयो |

मन्तब्यकै क्रममा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालले सहभागीहरुद्वारा उठाइएका सवालहरुको जवाफ दिँदै मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्नु भएको थियो। साविक जिल्ला प्राबिधिक कार्यालयहरुको वेरुजुको मात्रा ठूलो भएको कारण मन्त्रालयको बेरुजु फछ्यौंटमा चुनौति रहेको औंल्याउदै उहाँले कर्मचारीहरु तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय क्रियाशील रहेको र सोसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो। कर्मचारी ब्यबस्थापन, विकास प्रशासन, सङ्घीयता कार्यान्वयन र ७५३ स्थानीय तहको सम्पर्क मन्त्रालयको जिम्मेवारी भएको यस मन्त्रालयले

आगामी दिनमा कम्तिमा ८०% प्रगति हासिल हुने गरी कार्यान्वयन कार्ययोजना बनाउन निर्देशन दिनु भयो | यस्तै उहाँले सुशासन प्रबर्दन तथा सेवा प्रवाहमा केन्द्रित भई उच्च मनोवलका साथ काम गर्न कर्मचारीलाई निर्देशन दिनु भएको थियो |

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री विष्णुदत्त गौतमले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय,कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७७/०७८ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गतका निकाय/कार्यक्रमहरुको लागि विनियोजित बजेट रु ३८ अर्ब ९१ करोड २३ लाख वार्षिक बजेटमा सङ्घीय बजेट तर्फको रु.२९ अर्ब ०९ करोड २६ लाख मध्य आर्थिक बर्षको अन्त्य सम्म रकमान्तर पश्चात जम्मा सङ्घीय तर्फ रु २७ अर्ब ७८ करोड ७२ लाख कायम रहेकोमा रु १५ अर्ब ८१ करोड २३ लाख खर्च भएको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। बार्षिक जम्मा बजेटको (सङ्घीय) ५६.९० प्रतिशत वित्तीय प्रगती रहेको जसमध्ये चालु खर्चतर्फ १२ अर्ब ६४ करोड ८१ लाख विनियोजन भएकोमा जम्मा खर्च रकम रु ०८ अर्ब ८९ करोड ०८ लाख (७०.२९ प्रतिशत) र पूँजिगत खर्च तर्फ रु १५ अर्ब १३ करोड ९१ लाख बिनियोजन भएकोमा जम्मा खर्च रु ६ अर्ब ९२ करोड १५ लाख (४५.७२ प्रतिशत) भएको विवरण सहितको प्रतिवेदन पेश गर्नुभएको थियो। उहाँले यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दै आ.ब.०७७/७८ मा झो.पु. निर्माण सम्पन्न – ६२१ वटा, सडकपुल निर्माण – ३२ वटा, सडक कालोपत्रे – १३३.३६ कि.मि., सडक स्तरोन्नती – १३६.९७ कि.मि., खानेपानी आयोजना सम्पन्न – २०६ वटा, सिंचाई तथा वहुपयोगी योजना सम्पन्न – ६८ वटा, झो.पु.हरुको DPR तयार – ८१५ वटा, ८२७ कि.मि सडकको DPR मस्यौदा तयार भएको र उल्लेखित क्रियाकलाप बाट २९ लाख श्रमदिन रोजगारी श्रृजना भएको विवरण पेश गर्नु भएको थियो | यसै गरी स्थानीय तहको लागि १३ वटा नमूना कानून निर्माण गरिएको, सह-सचिवको नेतृत्वमा ७ वटा टोली मार्फत स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण तथा समन्वय गरिएको, उक्त अबधिमा सेवाकालीन तालिम २०७५ जना कर्मचारीलाई प्रदान गरिएको विवरणसमेत प्रस्तुत गर्नुभएको थियो | साथै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा राष्ट्रिय कितावखाना, स्थानीय पूर्वाधार विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानले आ-आफ्ना बार्षिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए। त्यस्तै अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरुले समेत बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति प्रति आ-आफ्नो धारणा राख्नुभएको थियो।

बसन्त अधिकारी
सह-सचिव

(बसन्त अधिकारी)
सह सचिव एवं प्रवक्ता
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७८ साल भाद्र ०१ गते